कम्पनीले आफ्नो जारी पूँजी रु. ३४,००,००,००० (चौतिस करोड रुपैयाँ मात्र) को २४.७१% (नजिकको दुई अंकमा) अर्थात रु. १००/- अंकित दरका ८,४०,००० कित्ता साधारण शेयरहरु मध्ये १०% अर्थात ८४,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायमबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि र ५% अर्थात ४२,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुको लागि बाँडफाँड गरिएको र कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि २% अर्थात १६,८०० कित्ता शेयर सुरक्षित गरी बाँकी रहेको ६,९७,२०० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको ।

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता

दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : २०,००० कित्ता

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०८/०७ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०८/११

एशियन हाइड्रोपावर लिमिटेड
Asian Hydropower Limited

रजिष्टर्ड ठेगाना : ललितपुर महानगरपालिका, वडा नं. २, सानेपा, ललितपुर, नेपाल
फोन नं. : ९७७-०१-५५३०१३५, ५५२५२२८
इमेल: info@urjadeveloper.com वेबसाइट: www.asianhydro.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

निष्काशन खुल्ला मिति	: २०७९/१०/२७ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७९/११/०२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७९/११/१२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर नेटवर्थ (रु.)	१००।००	१००।००	९९।६०	८९।६७	१०४।५५	११८।७०	१३५।८५
संचित नाफा/(नोक्सान) (रु. हजारमा)	-	-	(६५६)	(२२,९३३)	१५,४६९	६३,५९१	१२१,८७८
प्रति शेयर आम्दानी (रु.)	-	-	(०।४०)	(१०।०३)	११।२९	१४।१५	१७।१४

आयोजनाको नाम	: तल्लो जोगमाई खोला जलविद्युत आयोजना
जडित क्षमता	: ६.२ मेगावाट
आयोजनाको कूल लागत	: रु.१,३१,१५,३०,०००/- [(Interest during construction (IDC)] सहित ।]
प्रति मेगावाट लागत सम्बन्धी विवरण	: आयोजनाको प्रति मेगावाट लागत रु.२१,१५,३७,०९७/- रहेको छ ।
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	: अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०३/१२ देखि २१११/०३/११ सम्म रहेकोले ३२ वर्ष बाँकी रहेको छ ।
साधारण लगानी फिर्ता हुने अवधि (PBP)	: ७.०९ वर्ष
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP)	: ११.८३ वर्ष

तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको व्यापारिक उत्पादन मिति २०७८ कार्तिक १५ गतेदेखि शुरु भैसकेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था: स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्स नेपाल लि. पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७९ आषाढ १७ गते [CARE-NP BB(Is)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैधता मिति २०८०/०१/१५ सम्म रहने छ । केयर रेटिङ्स नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँदछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ । "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

१. कम्पनीको नाम : एशियन हाइड्रोपावर लिमिटेड (Asian Hydropower Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस एशियन हाइड्रोपावर लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/१०/०६ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७६/०३/२५ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. २, सानेपामा रहेको छ । आवश्यकता अनुसार कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस एशियन हाइड्रोपावर लिमिटेडको आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु ईलाम जिल्ला, ईलाम नगरपालिका वडा नं. १०, माई जोगमाई गाउँपालिका वडा नं. ३ र ४ तथा सूर्योदय नगरपालिका वडा नं. ११ मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

१. जलविद्युत आयोजनाको विकास, निर्माण र संचालन गर्ने मुख्य उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/१०/०६ मा एशियन हाइड्रोपावर लिमिटेड प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०७६/०३/२५ मा प्रा.लि.बाट पब्लिक लिमिटेडमा परिणत भएको छ ।

२. कम्पनीले स्थापना भए पश्चात् इलाम जिल्लाको माई जोगमाई गाउँपालिका र इलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानी उपयोग गरी ६,२०० किलोवाट क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको सर्वेक्षण गर्नका लागि विद्युत ऐन, २०४९ बमोजिम मिति २०७२/०६/२४ गते सान्वी इनर्जी प्रा.लि.को नाममा विद्युत प्रसारणको अनुमति पत्र प्राप्त गरेको तथा सो आयोजना निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुरुप मिति २०७६/०३/१२ गते विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गरी कम्पनीले तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन र प्रारम्भिक वातावरणीय अध्ययनको कार्य सु-सम्पन्न गर्यो । उक्त आयोजनाको निर्माण कार्य अघि बढाउने उद्देश्ले कम्पनीले मिति २०७४/१२/०७ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद-बिक्री सम्झौता सम्पन्न गर्यो ।

३. विद्युत खरिद-बिक्री सम्झौता सम्पन्न गरेसँगै कम्पनीले तल्लो जोगमाई खोला जलविद्युत आयोजना (६.२ मेगावाट) को निर्माण गर्नको लागि विद्युत ऐन, २०४९ अनुसार मिति २०७६/०३/१२ मा नेपाल सरकार उर्जा तथा जलश्रोत मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्यो । उक्त अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०३/१२ देखि मिति २१११/०३/११ सम्म (३५ वर्ष) रहेको छ ।

४. आयोजनाबाट उत्पादित विद्युत १०.८८ कि.मि. लामो ३३ के.भि. विद्युत प्रसारण लाइन मार्फत इलाम नगरपालिकाको वडा नं. १० मा निर्माणाधिन १३२ के.भि. गोदाक सव-स्टेसनमा जोडिएको छ ।

५. *कम्पनीको हालको अवस्था :* यस कम्पनीले हाल प्रदेश नं. १ अन्तर्गत इलाम जिल्लाको माई जोगमाई गाउँपालिका, सुर्योदय नगरपालिका र इलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानीमा ६.२ मे.वा. क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको शत प्रतिशत भौतिक संरचनाको निर्माण कार्य सम्पन्न भइ परिक्षण उत्पादन शुरु गरिसकेको छ र कार्तिक १५, २०७८ मा नै व्यापारिक उत्पादन शुरु गरिसकेको छ ।

६. कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :
   १. जलसम्पदाको व्यापक खोजी गरी सम्भाव्य भएका विभिन्न स्थानमा साना, मझौला र ठूला जलविद्युत आयोजनाहरुको अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने ।
   २. नेपाल राज्यका विभिन्न भागमा रहेको नदी, नाला, खोला, ताल, जलसायहरुबाट निजी क्षेत्रमा जलविद्युत आयोजनाहरु निर्माण गरी जलविद्युत उत्पादन गर्ने, प्रशारण गर्ने तथा बिक्री वितरण गर्ने गराउने ।
   ३. विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक सौर्य, वायु, तापीय आदि क्षोतबाट पनि निजी क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन गरी प्रशारण तथा बिक्री वितरण गर्ने ।
   ४. फ्लोटिङ्ग प्रविधि (खोला नदीमा टर्वाइन डुबाएर विद्युत उत्पादन गर्ने प्रविधि) ग्याँस, तेल, वायु वा यसको विकल्पमा चल्ने प्रविधिबाट बनेका अत्याधुनिक मेसिन प्रयोग गरी विद्युत (उर्जा) उत्पादन गरी बिक्री वितरण गर्ने ।
   ५. विभिन्न अत्याधुनिक प्रविधिबाट आविष्कार गरिएका टर्वाइन तथा मेसिनबाट बैकल्पिक उर्जा उत्पादन गरी बिक्री वितरण गर्ने ।
   ६. जलविद्युत तथा वातावरणको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ-नयाँ जलविद्युत आयोजनाहरुको सर्वेक्षण, अन्वेषण, अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने, जलविद्युत क्षेत्रको विकास गर्ने गराउने ।
   ७. स्वीकृति लिनु परेमा सम्बन्धित निकायको स्वीकृति लिई नेपाल विद्युत प्राधिकरण, एवं अन्य स्वदेशी तथा विदेशी निकाय, संस्था, फर्म, कम्पनी, व्यक्ति वा समूहसँग मिलेर विद्युत आयोजनाहरुको अध्ययन, अनुसन्धान गर्ने, विकास गर्ने, खरिद-बिक्री वितरण तथा प्रशारण गर्ने ।
   ८. स्वीकृति लिनु पर्नेमा सम्बन्धित निकायको स्वीकृति लिई नेपाल विद्युत प्राधिकरण, एवं अन्य स्वदेशी तथा विदेशी निकाय, संस्था, फर्म, कम्पनी, व्यक्ति वा समूहद्वारा उत्पादित विद्युत खरिद गरी वा हायर पर्चेजमा लिई वा करारमा लिई उपभोक्ताहरुलाई बिक्री वितरण एवं सप्लाई गर्ने, निर्यात गर्ने गराउने ।
   ९. साना, मझौला र ठूला जलविद्युत आयोजनासँग समन्वय गरी विद्युत आपूर्ति वा वितरण गर्ने गराउने ।
   १०. विद्युत शक्तिको खरिद बिक्री गर्ने ।
   ११. जलविद्युत तथा वैकल्पिक उर्जाको विकासका लागि सभा, सम्मेलन, सेमिनार, कार्यशाला गोष्ठि आदिको आयोजना गर्ने गराउने ।
   १२. जलविद्युत तथा वैकल्पिक उर्जाको लागि आवश्यक पर्ने उपकरणहरुको आयात गर्ने गराउने तथा कम्पनीको आवश्यकता अनुसार लिजमा लिई उपयोग गर्ने गराउने ।
   १३. विद्युत उत्पादनमा संलग्न हुन चाहने विदेशी कम्पनीसँग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु संचालन गर्ने वा त्यस्ता कम्पनीको स्थानीय प्रतिनिधि (Local Agent) भई काम गर्ने ।
   १४. समान उद्देश्य भएका कम्पनीहरुको व्यवस्थापन तथा संचालनको जिम्मा लिई व्यवस्थापन तथा संचालन गर्ने ।
   १५. विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक सौर्य, वायु, तापीय आदि समेतबाट विद्युत तथा उत्पादन क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, तालिम, सेमिनार, वर्कशप, एक्जिविसन, उत्सव, समारोह आयोजना गर्ने र त्यस्ता कार्यक्रमहरुको व्यवस्थापन गर्ने, तिनमा सहभागी हुने र गराउने ।
   १६. उल्लेखित उद्देश्य अनुरुप कार्य गर्नका लागि आवश्यकता अनुसार विभिन्न सरकारी, गैर-सरकारी निकाय, व्यावसायिक संघ-संस्था तथा कम्पनीहरुसँग सम्पर्क सम्बन्ध विकास गरी कार्य गर्ने गराउने ।

७. कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको एशियन हाइड्रोपावर लिमिटेडले इलाम जिल्लाको माई जोगमाई गाउँपालिका र इलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानी प्रयोग गरी ६.२ मेगावाट क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजना विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गरेको हो । यस आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणलाई प्राधिकरणको प्रशारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने र प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरिद गर्नका लागि प्राधिकरणसँग मिति २०७४ साल चैत्र ०७ गते सम्झौता भईसकेको छ ।

८. **आयोजनाको कूल जलविद्युत उत्पादन क्षमता :** ईलाम जिल्लाको माई जोगमाई गाउँपालिका र ईलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानी प्रयोग गरी सञ्चालन हुने तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको कूल उत्पादन क्षमता ६,२०० किलोवाट रहेको छ ।

९. **आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति :** तल्लो जोगमाई खोला जलविद्युत आयोजनालाई नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७६/०३/१२ मा विद्युत उत्पादनको अनुमति पत्र प्राप्त भएको र सो को अनुमति पत्र मिति २०७६/०३/१२ देखि २१११/०३/११ गतेसम्म बहाल रहने छ ।

१०. **आयोजनाको कूल लागत :** यस आयोजनाको अनुमानित कूल लागत रु.१,३१,१५,३०,०००/- रहेको र प्रति मेगावाट रु.२१,१५,३७,०९७/- रहेको छ ।

११. **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि :** ७.०९ वर्ष

१२. **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** ११.८३ वर्ष

१३. **आयोजनाको प्रसारण लाइन अनुमति प्राप्त गरेको मिति :** नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट तल्लो जोगमाई खोला जलविद्युत आयोजना ३३ के.भी. विद्युत प्रसारण लाईनको अनुमतिपत्र मिति २०७२/०६/२४ मा प्रदान गरिएको छ र सो अनुमतिपत्र बहाल रहने मिति २०७२/०६/१३ देखि मिति २०९७/०६/१२ सम्म रहने छ ।

१४. **कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :** उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधिसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठीक ठहरिएमा काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ : यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नुपर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाव गरिनेछ :
(०.०५ X कन्ट्याक ईनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बिचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागु हुने खरिद दर ।
प्राधिकरणले लिनुपर्ने यस्तो हर्जाना रकम विद्युत खरिद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नुपर्ने रकमबाट कट्टा गरी लिन सकिनेछ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरिद वापत भुक्तानी गर्नुपर्ने रकमको ५० प्रतिशत भन्दा बढी नहुने गरी किस्ताबन्दीमा पहिलो बिलदेखि यस्तो हर्जाना पूरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नुपर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दीमा भुक्तानी गरिनेछ ।
तर माथि उल्लेखित हर्जाना सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्याङ्कन गरी न्यायोचित व्यवस्था गर्न सकिनेछ ।

१. तल्लो जोगमाई खोला जलविद्युत आयोजनाबाट वार्षिक ३,५९,२०,४२९ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामको लागि ३,०४,१४,५९२ किलोवाट घण्टा र सुख्खायामको लागि ५५,०५,८३७ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

२. प्राधिकरणले आषाढदेखि कार्तिक महिनासम्म प्रत्येक महिना कन्ट्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration को ९० (नब्बे) प्रतिशत इनर्जी खरिद गर्ने एवं बाँकी १० (दश) प्रतिशत उर्जा Reserve Margin को रुपमा राखी भार प्रेषण केन्द्रको निर्देशन बमोजिम खरिद गर्न सकिनेछ । यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा विद्युत खरिद सम्झौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नुपर्ने छैन ।

३. कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटि छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम
= रु. [०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनुपर्ने बढीमा कन्ट्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर;
यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ ।
माथि उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागू हुनेछ ।

४. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैंया चालीस मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ :

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म (रु प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट)
पहिलो महिनादेखि १२औं महिनासम्म	८।४०	४।८०
१३औं महिनादेखि २४औं महिनासम्म	८।६५	४।९४
२५औं महिनादेखि ३६औं महिनासम्म	८।९०	५।०९
३७औं महिनादेखि ४८औं महिनासम्म	९।१६	५।२३
४९औं महिनादेखि ६०औं महिनासम्म	९।४१	५।३८
६१औं महिनादेखि ७२औं महिनासम्म	९।६६	५।५२
७३औं महिनादेखि ८४औं महिनासम्म	९।९१	५।६६
८५औं महिनादेखि ९६औं महिनासम्म	१०।१६	५।८१
९७औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार वार्षिक मूल्य बृद्धि दिई कायम गरिनेछ ।
क. RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
ख. RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
ग. RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
घ. RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
ङ. RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

५. प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

६. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरु तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरु गरेको छ ।

आयोजनाको हालको अवस्था :
स्वीकृत विवरणपत्र तयार पार्दा आयोजनाको निर्माण कार्य सम्मन्न भई २०७८ कार्तिक १५ गते देखि व्यापारिक उत्पादन शुरु गरी नेपाल विद्युत प्राधिकरणको १३२ के.भि. प्रसारण लाइनमा जोडी विद्युत बिक्री गरिरहेको छ ।

क्र.सं.	विवरण	प्रगति %
१	जग्गा अधिग्रहण	१००
२	पूर्व विकास गतिविधिहरु र पूर्वाधार कार्यहरु	१००
२.१	सडक पहुँच	१००
२.२	निर्माण क्षमत	१००
२.३	अस्थायी शिविर र कार्यालय	१००
३	सिभिल कार्य	१००
४	इलेक्ट्रोमेकानिकल कार्य	१००
५	हाईड्रो मेकानिकल कार्य	१००
	जम्मा भौतिक प्रगति	१००
	व्यापारिक उत्पादन मिति : २०७८/०७/१५	

संगठित संस्था तल्लो जोगमाई खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विवरण	२०७९ आषाढ
महिनाको लागि जम्मा कन्ट्याक्ट इनर्जि (प्रति घण्टा किलोवाट)	४,४७८,२८५.००
चार्जेबल कन्ट्याक्ट इनर्जि (प्रति घण्टा किलोवाट)	४,४७८,२८५.००

विद्युत आयोजनाको नाम	: तल्लो जोगमाई खोला जलविद्युत आयोजना
आयोजना स्थल	: ईलाम जिल्लाको ईलाम नगरपालिका र माई जोगमाई गाउँपालिका
श्रोत नदी	: ईलाम जिल्लाको माई जोगमाई गाउँपालिका र ईलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानी
आयोजनाको किसिम	: रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति	: २०७६/०३/१२
विद्युत उत्पादन अनुमति बहाल रहने मिति	: २०७६/०३/१२ देखि २१११/०३/११
जडित क्षमता	: ६.२ मेगावाट
आयोजनाको कूल लागत	: रु.१,३१,१५,३०,०००/-
आयोजनाको प्रति मेगावाट लागत	: रु.२१,१५,३७,०९७/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	: ७.०९ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	: ११.८३ वर्ष

Net Present Value (NPV), Internal Rate of Return (IRR) तथा लगानी फिर्ता हुने अवधि गणना विधि तथा तरिका :

1. $\text{NPV} = \text{Net Cash In Flow}_{t1} / (1+r)^{t1} + \text{Net Cash In Flow}_{t2} / (1+r)^{t2} + \ldots \text{Net Cash In Flow}_{tn} / (1+r)^{tn} - \text{Net Cash Out Flow}_{t0} / (1+r)^{t0}$
   where,
   r = Discount rate
   t = Number of time periods
2. $\text{IRR} = \dfrac{(C_t - C_0)}{(1+r)^t}$
   where,
   C_t = Net cash inflow during the period t
   C_0 = Total initial investment costs
   r = Discount rate
   t = Number of time periods

आयोजनाको नगद प्रवाह सम्बन्धी तालिका :

(रु. हजारमा)

वर्ष	राजश्व	खर्च	ह्रासकट्टी तथा परिशोधन	कर अघिको नाफा	कर	कर पछीको नाफा	नगद प्रवाह	संचयी नगद प्रवाह	डिस्काउन्ट आधार	डिस्काउन्टेड नगद प्रवाह	संचयी नगद डिस्काउन्टेड प्रवाह
०	-	-	-	-	-	-	(१,३११,१७७)	(१,३११,१७७)	१.००००	(१,३११,१७७)	(१,३११,१७७)
१	१७१,१७२	१९,१५९	४३,५७६	१०८,४३७	-	१०८,४३७	१५२,०१३	(१,१५९,१६४)	०.९१३२	१३८,८२५	(१,१७२,३५२)
२	१९८,००६	२०,३०५	४३,५७६	१३४,१२५	-	१३४,१२५	१७७,७०१	(९८१,४६३)	०.८३४०	१४८,२०५	(१,०२४,१४७)
३	२०३,७७३	२१,०५६	४३,५७६	१३९,१४१	-	१३९,१४१	१८२,७१७	(७९८,७४५)	०.७६१७	१३९,१६७	(८८४,९८०)
४	२०९,५४१	२१,८३५	४३,५७६	१४४,१३०	-	१४४,१३०	१८७,७०६	(६११,०३९)	०.६९५६	१३०,५६३	(७५४,४१७)
५	२१५,३०८	२२,६४२	४३,५७६	१४९,०८९	-	१४९,०८९	१९२,६६५	(४१८,३७४)	०.६३५२	१२२,३८६	(६३२,०३०)
६	२२१,०७५	२३,४८०	४३,५७६	१५४,०१९	-	१५४,०१९	१९७,५९५	(२२०,७७९)	०.५८०१	११४,६२८	(५१७,४०२)
७	२२६,८४२	२४,३४७	४३,५७६	१५८,९१९	-	१५८,९१९	२०२,४९५	(१८,२८४)	०.५२९८	१०७,२७९	(४१०,१२३)
८	२३२,६०९	२५,२४७	४३,५७६	१६३,७८६	-	१६३,७८६	२०७,३६२	१८९,०७८	०.४८३८	१००,३२७	(३०९,७९६)
९	२३८,३७६	२६,१७९	४३,५७६	१६८,६२१	-	१६८,६२१	२१२,१९७	४०१,२७६	०.४४१८	९३,७५९	(२१६,०३७)
१०	२३८,३७६	२७,०३०	४३,५७६	१६७,७७०	-	१६७,७७०	२११,३४६	६१२,६२२	०.४०३५	८५,२८१	(१३०,७५६)
११	२३८,३७६	२७,९१५	४३,५७६	१६६,८८५	१६,६८९	१५०,१९७	१९३,७७३	८०६,३९५	०.३६८५	७१,४०६	(५९,३५०)
१२	२३८,३७६	२८,८३६	४३,५७६	१६५,९६४	१६,५९६	१४९,३६८	१९२,९४४	९९९,३३८	०.३३६५	६४,९३२	५,५८३
१३	२३८,३७६	३०,००९	४३,५७६	१६४,७९२	१६,४७९	१४८,३१२	१९१,८८९	१,१९१,२२७	०.३०७३	५८,९७५	६४,५५८
१४	२३८,३७६	३१,२४०	४३,५७६	१६३,५६१	१६,३५६	१४७,२०४	१९०,७८१	१,३८२,००८	०.२८०७	५३,५४७	११८,१०५
१५	२३८,३७६	३२,५३२	४३,५७६	१६२,२६८	१६,२२७	१४६,०४१	१८९,६१७	१,५७१,६२५	०.२५६३	४८,६०३	१६६,७०८
१६	२३८,३७६	५८,५४०	४३,५७६	१३६,२६१	२७,२५२	१०९,००८	१५२,५८५	१,७२४,२०९	०.२३४१	३५,७१८	२०२,४२६
१७	२३८,३७६	५९,९६५	४३,५७६	१३४,८३५	२६,९६७	१०७,८६८	१५१,४४५	१,८७५,६५४	०.२१३८	३२,३७५	२३४,८०१
१८	२३८,३७६	६१,४६१	४३,५७६	१३३,३३९	२६,६६८	१०६,६७१	१५०,२४७	२,०२५,९०१	०.१९५२	२९,३३३	२६४,१३४
१९	२३८,३७६	६३,०३२	४३,५७६	१३१,७६८	२६,३५४	१०५,४१४	१४८,९९०	२,१७४,८९२	०.१७८३	२६,५६४	२९०,६९८
२०	२३८,३७६	६४,६८२	४३,५७६	१३०,११८	२६,०२४	१०४,०९५	१४७,६७१	२,३२२,५६२	०.१६२८	२४,०४४	३१४,७४२
२१	२३८,३७६	६६,४१४	४३,५७६	१२८,३८६	२५,६७७	१०२,७०९	१४६,२८५	२,४६८,८४७	०.१४८७	२१,७५२	३३६,४९४
२२	२३८,३७६	६८,२३३	४३,५७६	१२६,५६७	२५,३१३	१०१,२५४	१४४,८३०	२,६१३,६७७	०.१३५८	१९,६६७	३५६,१६२
२३	२३८,३७६	७०,१४३	४३,५७६	१२४,६५७	२४,९३१	९९,७२६	१४३,३०२	२,७५६,९७९	०.१२४०	१७,७७२	३७३,९३३
२४	२३८,३७६	७२,१४८	४३,५७६	१२२,६५२	२४,५३०	९८,१२२	१४१,६९८	२,८९८,६७७	०.११३३	१६,०४८	३८९,९८१
२५	२३८,३७६	७४,२५४	४३,५७६	१२०,५४७	२४,१०९	९६,४३७	१४०,०१३	३,०३८,६९०	०.१०३४	१४,४८२	४०४,४६३
२६	२३८,३७६	७६,४६५	४३,५७६	११८,३३६	२३,६६७	९४,६६९	१३८,२४५	३,१७६,९३५	०.०९४५	१३,०५८	४१७,५२१
२७	२३८,३७६	७८,७८६	४३,५७६	११६,०१४	२३,२०३	९२,८१२	१३६,३८८	३,३१३,३२३	०.०८६३	११,७६५	४२९,२८६
२८	२३८,३७६	८१,२२३	४३,५७६	११३,५७७	२२,७१५	९०,८६२	१३४,४३८	३,४४७,७६१	०.०७८८	१०,५९१	४३९,८७७
२९	२३८,३७६	८३,७८३	४३,५७६	१११,०१८	२२,२०४	८८,८१४	१३२,३९०	३,५८०,१५१	०.०७१९	९,५२५	४४९,४०१
३०	२३८,३७६	८६,४७०	४३,५७६	१०८,३३०	२१,६६६	८६,६६४	१३०,२४०	३,७१०,३९१	०.०६५७	८,५५७	४५७,९५८
	Net Present Value (NPV)						४१८,२२७/-				
	Internal Rate of Return (IRR)						१३.५६%				
	B/C Ratio/Profitability Index						१.३५				
	साधारण लगानी फिर्ता हुने अवधि (PBP)						७.०९				
	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP)						११.८३				
	डिस्काउण्ट दर						९.५%				

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

क. यस कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम जारी पूँजीको ३४.७१ प्रतिशत अर्थात रु.११,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ११,८०,००० कित्ता साधारण शेयर आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकालागि, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र सर्वसाधारणहरुको लागि छुट्याईएकोमा सो शेयर निजहरुलाई बिक्री वितरण गरी स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई लगानीको अवसर दिई उनीहरुलाई समेत कम्पनीमा आवद्ध गराई पूर्ण रुपमा पब्लिक कम्पनीको रुपमा सञ्चालन गर्न,
ख. प्रबन्धपत्रमा भएको उद्देश्य प्राप्तिकालागि पूँजीको श्रोत पूरा गर्न,
ग. प्रबन्धपत्रमा तोकिए बमोजिमको पूँजी संरचना कायम गर्न,
घ. आयोजना निर्माणकालागि लाग्ने खर्चको रकमको व्यवस्था गर्न ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.३४,००,००,०००/- (अक्षेरुपी चौतिस करोड मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- दरका ३४,००,००० (चौतिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

जारी पूँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.३४,००,००,०००/- (अक्षेरुपी चौतीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- दरका ३४,००,००० (चौतीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पूँजी : हाल कम्पनीको संस्थापकहरुबाट चुक्ता पूँजी रु.२२,२०,००,०००/- (बाइस करोड बिस लाख मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- दरका २२,२०,००० (बाइस लाख बिस हजार) थान शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरणपत्र मार्फत रु.३,४०,००,०००/- (अक्षेरुपी तीन करोड चालीस लाख) बराबरको ३,४०,००० कित्ता शेयर आयोजना अति प्रभावित क्षेत्र तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई निष्काशन गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२५,६०,००,०००/- हुनेछ । साथै, आयोजना अति प्रभावित क्षेत्र तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई शेयर निष्काशन गरे पश्चात् रु.८,४०,००,०००/- बराबरको ८,४०,००० कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र सर्वसाधारणलाई निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.३४,००,००,०००/- (अक्षेरुपी चौतीस करोड मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	साधारण शेयर संख्या	पूँजी संरचना (%)*	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	२२,२०,०००	६५.२९	२२,२०,००,०००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु)	३,४०,०००	१०	३,४०,००,०००/-	शतप्रतिशत
ग	सर्वसाधारण शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष योजना समेत)	८,४०,०००	२४.७१	८,४०,००,०००/-	हाल निष्काशन प्रक्रियामा रहेको (यसमध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सामूहिक लगानी कोषलाई गरी रु. १ करोड छब्बिस लाख बाँडफाँड भईसकेको)
	जम्मा	३४,००,०००	१००	३४,००,००,०००/-	शतप्रतिशत

* संस्थापक तथा सर्वसाधारण समूहको शेयर अनुपात प्रतिशतलाई दशमलब पछिको निकटतम २ अंकमा राखिएको छ ।
नोट : कर्मचारी तथा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	उर्जा डेभलपर्स प्रा.लि. ललितपुर महानगरपालिका-२	संचालक	लागु नहुने	लागु नहुने	३७०,०००	लागु नहुने	जलविद्युत उत्पादन गर्ने कम्पनी
२	सामलिङ्ग पावर कम्पनी लि. ललितपुर महानगरपालिका-२	संचालक	लागु नहुने	लागु नहुने	५०,०००	लागु नहुने	जलविद्युत उत्पादन गर्ने कम्पनी
३	सि.ई. कन्स्ट्रक्सन प्रा.लि. का.म.न.पा. वडा नं. ११	संचालक	लागु नहुने	लागु नहुने	३३५,०००	लागु नहुने	विगत २८ वर्ष भन्दा बढी समय देखि आवास तथा व्यापारिक कम्प्लेक्स, अस्पताल जस्ता भौतिक संरचनाहरुको व्यवसायिक निर्माणमा निरन्तर रुपमा संलग्न रही निर्माण क्षेत्रमा विषेश दखल रहेको ।
४	मंगला अमात्य का.म.न.पा. वडा नं. ११	संचालक	५३ वर्ष	नेपाली	५००,०००	एस.एल.सी	हालको उदयमान कम्पनीहरुमा सक्रिय लगानीकर्ताको रुपमा आवद्ध रहनु भएको ।
५	ग्रान्डी होल्डिङ्स् प्रा.लि. का.म.पा. वडा नं. ११, त्रिपुरेश्वर, काठमाडौं	संचालक	लागु नहुने	लागु नहुने	२००,०००	लागु नहुने	नेपाल अधिराज्यको कुनै पनि ठाउँमा भौतिक सुविधायुक्त भवन, कम्प्लेक्स, छुट्टाछुट्टै घरहरु, कोठा तल्ला, अपार्टमेन्ट (संयुक्त आवास भवन) निर्माण गर्ने साथै सु-व्यवस्थित व्यवस्थापन गर्नको साथै बिक्री वितरण, भाडा वा लिजमा लगाउने ।
६	भानुभक्त पोखरेल सातदोवाटो वडा नं. १३, ललितपुर	संचालक	५७ वर्ष	नेपाली	५०,०००	स्नातकोत्तर (प्रोजेक्ट म्यानेजमेण्ट) स्नातक (सिभिल इन्जिनियरिङ्ग)	● विगत ३१ वर्ष देखि जलविद्युत तथा उर्जा क्षेत्रमा आयोजनाहरुको अध्ययन, निर्माण संचालन विशेषज्ञता हासिल गरी उर्जाविद्को रुपमा स्थापित व्यक्तित्व हुनुहुन्छ ● निजी क्षेत्रमा प्रवेश गर्नु अगाडी उहाँ नेपाल विद्युत प्राधिकरणको (सिनियर हाइड्रोपावर इन्जिनियरको रुपमा करिब २० वर्ष सेवा पुऱ्याई अवकास प्राप्त ● नेपाल हाइड्रोपावर एसोसियसनका पूर्व अध्यक्ष समेत रहनु भएको ● स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इपान) मा सल्लाहकारको रुपमा रहनुभएको ● हाल उर्जा डेभलपर्स प्रा.लि. लगायतका अन्य सहायक कम्पनीहरुमा प्रवन्ध निर्देशक तथा संचालकको रुपमा जलविद्युत आयोजनाहरु विकास निर्माणमा आवद्ध रहनुभएको ।
७	मोहन दास मानन्धर का.म.न.पा. वडा नं. २९	संचालक	५८ वर्ष	नेपाली	५०,०००	स्नातकोत्तर, स्नातक (सिभिल इन्जिनियरिङ्ग)	● विगत ३० वर्ष देखि आर्थिक पूर्वाधार, उर्जा नीति र योजनाको क्षेत्रमा विशेषज्ञता हासिल गरी उर्जा क्षेत्रमा समेत संलग्न रहनु भएको ● नीति फाउण्डेसनमा विगत १० वर्षदेखि संचालक सदस्यमा र हाल कार्यकारी निर्देशक तथा अध्यक्षको रुपमा रहनुभएको ● वरिष्ठ शैक्षिक तथा नीति सल्लाहकारको रुपमा विभिन्न सरकारी निकायहरुमा आवद्ध रहनुभएको ● अर्गनाइजेसन डेभलपमेण्ट सेन्टर (ओडिसी) मा प्रमुख सल्लाहकार तथा प्रमुख कार्यकारी अधिकृत रहनुभएको ● Department of Urban Studies and Planning, Massachusetts Institute of Technology, US, Politicial Economy Consultant, Millennium Challenge Corporation -MCC_ Government of USA ,City Government of Monrovia, Liberia, Management School, Lancaster University, UK, Bechtel Incorporates USA, Karnali -Chisapani_ Multipurpose Project जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा समेत आवद्ध रहनुभएको ।
८	पूर्ण प्रसाद ढकाल ललितपुर न.पा. वडा नं. २५	संस्थापक शेयरधनी	७५ वर्ष	नेपाली	४०,०००	स्नातक (इलेक्ट्रोनिक इन्जिनियरिङ्ग)	विगत ३२ वर्ष देखि नेपाली सेनामा इलेक्ट्रोनिक इन्जिनियरको रुपमा कार्यरत रही सहायक रथी पदबाट अवकाश प्राप्त ।
९	राजु तुलाधर का.म.पा. वडा नं. ३०, असन, काठमाडौं	संस्थापक शेयरधनी	६२ वर्ष	नेपाली	५०,०००	स्नातकोत्तर	● २५ वर्षसम्म आर्थिक विकासको क्षेत्रमा कार्य गरी अवकाश प्राप्त ● हाल विगत २/३ वर्ष देखि व्यापार व्यवसायमा आवद्ध ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम	पद	राष्ट्रियता	उमेर (वर्ष)	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव		प्रस्तावित
							सम्बन्धित	अन्य	
१	विजय बहादुर राजभण्डारी (आधिकारीक प्रतिनिधी -ग्राण्डी होल्डिङ्स प्रा.लि.)	अध्यक्ष	नेपाली	६१	२,००,०००	स्नातकोत्तर (कन्स्ट्रक्सन म्यानेजमेण्ट) स्नातक (सिभिल इन्जिनियरिङ्ग)	हाल विद्युत उत्पादनको क्षेत्रमा प्रवेश गरी विभिन्न जलविद्युत आयोजनाहरुको निर्माण विकास कार्यमा समेत सक्रिय रुपमा संलग्न रहनु भएको ।	विगत २८ वर्ष भन्दा बढी समय देखि आवास तथा व्यापारिक कम्प्लेक्स, अस्पताल जस्ता भौतिक संरचनाहरुको व्यवसायिक निर्माणमा निरन्तर रुपमा संलग्न रही निर्माण क्षेत्रमा विषेश दखल रहेको सि.ई कन्स्ट्रक्सन प्रा.लि. लगायत अन्य कम्पनीहरुको अध्यक्ष तथा संचालकको रुपमा व्यवसायिक निर्माण तथा व्यवस्थापन व्यवसायको क्षेत्रमा ख्याती प्राप्त व्यक्तित्व, उद्यमी तथा ईन्जिनियर रहनु भएको	-
२	श्याम मिलन श्रेष्ठ (आधिकारीक प्रतिनिधी -सि.ई. कन्स्ट्रक्सन प्रा.लि.)	संचालक	नेपाली	५८	३३५,०००	स्नातक (सिभिल इन्जिनियरिङ्ग)	-	विगत २८ वर्ष भन्दा बढी समय देखि आवास तथा व्यापारिक कम्प्लेक्स, अस्पताल जस्ता भौतिक संरचनाहरुको व्यवसायिक निर्माणमा निरन्तर रुपमा संलग्न रही निर्माण क्षेत्रमा विषेश दखल रहेको सि.ई कन्स्ट्रक्सन प्रा.लि. लगायत अन्य कम्पनीहरुको संचालक तथा सिभिल ईन्जिनियरको रुपमा रहनु भएको ।	-
३	गोपाल मानन्धर (आधिकारीक प्रतिनिधी -सि.ई. कन्स्ट्रक्सन प्रा.लि.)	संचालक	नेपाली	५८	३३५,०००	स्नातक (सिभिल इन्जिनियरिङ्ग)	-	विगत २८ वर्ष भन्दा बढी समय देखि आवास तथा व्यापारिक कम्प्लेक्स, अस्पताल जस्ता भौतिक संरचनाहरुको व्यवसायिक निर्माणमा निरन्तर रुपमा संलग्न रही निर्माण क्षेत्रमा विषेश दखल रहेको सि.ई कन्स्ट्रक्सन प्रा.लि. लगायत अन्य कम्पनीहरुको संचालक तथा सिभिल ईन्जिनियरको रुपमा रहनु भएको	-
४	मोहन दास मानन्धर (आधिकारीक प्रतिनिधि-उर्जा डेभलपर्स प्रा.लि.)	संचालक	नेपाली	५८	३७०,०००	स्नातकोत्तर, स्नातक (सिभिल इन्जिनियरिङ्ग)	विगत ३० वर्ष देखि आर्थिक पूर्वाधार, उर्जा नीति र योजनाको क्षेत्रमा विशेषज्ञता हासिल गरी उर्जा क्षेत्रमा समेत संलग्न रहनु भएको ।	● नीति फाउण्डेसनमा विगत १० वर्षदेखि संचालक सदस्यमा र हाल कार्यकारी निर्देशक तथा अध्यक्षको रुपमा रहनु भएको ● वरिष्ठ शैक्षिक तथा नीति सल्लाहकारको रुपमा विभिन्न सरकारी निकायहरुमा आवद्ध रहनु भएको ●अर्गानाइजेसन डेभलपमेण्ट सेन्टर (ओडिसी) मा प्रमुख सल्लाहकार तथा प्रमुख कार्यकारी अधिकृत रहनु भएको ● Department of Urban Studies and Planning, Massachusetts Institute of Technology, US, Political Economy Consultant, Millennium Challenge Corporation -MCC_ Government of USA, City Government of Monrovia, Liberia ● Management School, Lancaster University, UK, Bechtel Incorporates USA, Karnali - Chisapani_ Multipurpose Project जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा समेत आवद्ध रहनु भएको ।	-
५	भानुभक्त पोखरेल	संचालक	नेपाली	५७	५०,०००	स्नातकोत्तर (प्रोजेक्ट म्यानेजमेण्ट) स्नातक (सिभिल इन्जिनियरिङ्ग)	● विगत ३१ वर्ष देखि जलविद्युत तथा उर्जा क्षेत्रमा आयोजनाहरुको अध्ययन, निर्माण संचालन विशेषज्ञता हासिल गरी उर्जाविद्को रुपमा स्थापित व्यक्तित्व हुनुहुन्छ ● निजी क्षेत्रमा प्रवेश गर्नु अगाडी उहाँ नेपाल विद्युत प्राधिकरणको - सिनियर हाइड्रोपावर इन्जिनियरको रुपमा करिब २० वर्ष सेवा पुऱ्याई अवकास प्राप्त ● नेपाल हाइड्रोपावर एसोसियसनका पूर्व अध्यक्ष समेत रहनु भएको ● स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इपान) मा सल्लाहकारको रुपमा रहनु भएको ● हाल उर्जा डेभलपर्स प्रा.लि. लगायतका अन्य सहायक कम्पनीहरुमा प्रबन्ध निर्देशक तथा संचालकको रुपमा जलविद्युत आयोजनाहरु विकास निर्माणमा आवद्ध रहनु भएको	-	-
६.	मंगला अमात्य	संचालक	नेपाली	५३	५००,०००	एस.एल.सी.	हालको उदयमान कम्पनीहरुमा सक्रिय लगानीकर्ताको रुपमा आवद्ध रहनु भएको	-	-
७.	राज कुमार लाखे	स्वतन्त्र संचालक	नेपाली	४५	-	स्नातकोत्तर	विगत १९ वर्ष देखि कन्सट्क्सन कम्पनीमा निर्माण व्यवस्थापकको रुपमा कार्यरत	-	-

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	शैक्षिक योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१	श्री भानुभक्त पोखरेल	स्नातकोत्तर (प्रोजेक्ट म्यानेजमेण्ट) स्नातक (सिभिल इन्जिनियरिङ्ग)	२०७८/०४/०१	● विगत ३२ वर्ष देखि जलविद्युत तथा उर्जा क्षेत्रमा आवद्ध ● हाल उर्जा डेभलपर्स प्रा.लि लगायतका अन्य ग्रुप कम्पनीहरुमा प्रमुख कार्यकारी अधिकृत	५०,०००
२	श्री राजेन्द्र पाल	स्नातक	१२/०२/२०७६	● सुपर मादि हाइड्रोइलेक्ट्रिक आयोजनामा आयोजना संयोजक ● अपर पिलुवा खोला हाइड्रोपावर आयोजनामा आयोजना प्रबन्धक ● फेवा कन्सट्रक्सनमा साईट इन्जिनियर ● CTEVT KTS जुम्लामा सहायक प्रशिक्षक/Team Leader जिल्ला विकास समिति जुम्लामा ओभरसियर	छैन
३	श्री सन्देश भट्टराई	सि.ए.	२०७८/०४/०१	● विगत ८ वर्ष देखि विभिन्न संस्थामा आवद्ध ● हाल उर्जा डेभलपर्स प्रा.लि. लगायतका अन्य ग्रुप कम्पनीहरुमा प्रमुख वित्तीय अधिकृत	छैन

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार कम्तिमा १ जना महिला सहित ७ (सात) जना संचालक समिति देहाय बमोजिम हुनेछ :

संस्थापक समूहका शेयरधनीहरुबाट मनोनित/निर्वाचित ("क" समूहबाट)	४ (चार) जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित ("ख" समूहबाट)	२ (दुई) जना
स्वतन्त्र संचालक	१ (एक) जना

* हाल यस कम्पनीमा नियमावलीमा भएको व्यवस्था बमोजिम १ जना महिला सहित ६ जना (सर्वसाधारण समूहबाट प्रतिनिधित्व नभएसम्मकालागि संस्थापक समूहबाट नै थप २ जना समेत) सञ्चालक संस्थापक समूहबाट र १ जना स्वतन्त्र संचालक गरी ७ जना संचालक रहनु भएको छ ।
सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा निम्न बमोजिमको शेयर लिएको हुनु पर्नेछ :
क) "क" समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा २५,००० थान शेयर लिएको हुनु पर्दछ ।
ख) "ख" समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ ।
तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात

(रकम रु. हजारमा)

विवरण	वास्तविक			*२०७९ असार मसान्तसम्म	*२०७९ असोज मसान्तसम्म	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८			आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ति								
गैर चालु सम्पत्ति								
सम्पत्ति, प्लान्ट तथा उपकरण	१८,६५२	२६,१८५	२३,९६०	१,२८०,३०९	१,२६९,३८९	१,२३६,७३३	१,१९३,१५७	१,१४९,५८१
अदृष्य सम्पत्ति	-	-	-	-	-	-	-	-
निर्माणाधिन अदृष्य सम्पत्ति	५५,७१२	१३९,१२६	७५०,८६०	-	-	-	-	-
वित्तीय सम्पत्ति								
वित्तीय लगानी	-	-	-	-	-	-	-	-
जम्मा गैर चालु सम्पत्ति	**७४,३६४**	**१६५,३११**	**७७४,८२१**	**१,२८०,३०९**	**१,२६९,३८९**	**१,२३६,७३३**	**१,१९३,१५७**	**१,१४९,५८१**
चालु सम्पत्ति								
वित्तीय सम्पत्ति								
मौज्दात	-	-	-	-	-	-	-	-
नगद तथा नगद बराबर	१,९२५	९,९४९	४,२३३	३,१५७	२३,५३०	११,२००	४६,९०४	८७,३८७
अन्य बैंक मौज्दात	३७२	१०,९७६	२,६७१	७११	७११	-	-	-
व्यापारिक प्राप्ति	-	-	-	३६,६२७	४२,४५९	४३,५८९	४४,८५९	४६,१२९
अन्य वित्तीय सम्पत्ति	१०७,५०७	४१४,४११	३८९,६७२	१३,३६३	१२,६९९	१३,३६३	१३,३६३	१३,३६३
अन्य चालु सम्पत्ति	-	-	-	-	-	-	-	-
जम्मा चालु सम्पत्ति	**१०९,८०४**	**४३५,३३६**	**३९६,५७५**	**५३,८५७**	**७९,३९९**	**६८,१५२**	**१०५,१२६**	**१४६,८७८**
जम्मा सम्पत्ति	**१८४,१६८**	**६००,६४७**	**१,१७१,३९६**	**१,३३४,१६६**	**१,३४८,७८९**	**१,३०४,८८५**	**१,२९८,२८२**	**१,२९६,४५९**
इक्विटी तथा दायित्वहरु								
इक्विटी								
शेयर पूँजी	१६३,०००	१६३,०००	१६३,०००	२२२,०००	२२२,०००	३४०,०००	३४०,०००	३४०,०००
अग्रिम शेयर पूँजी	१५,७५०	५०,०००	७१,५००	१२,५००	१२,५००	-	-	-
जगेडा तथा कोष	-	-	(६५६)	(२२,९३३)	६,५४०	१५,४६९	६३,५९१	१२१,८७८
जम्मा इक्विटी	**१७८,७५०**	**२१३,०००**	**२३३,८४४**	**२११,५६७**	**२४१,०४०**	**३५५,४६९**	**४०३,५९१**	**४६१,८७८**
दायित्व								
गैर चालु दायित्व								
वित्तीय दायित्व	-	-	-	-	-	-	-	-
ऋण/सापटी	-	३४८,०००	८८०,४९२	१,०३०,९३९	१,०३७,३३१	९४९,४१५	८९४,६९२	८३४,५८१
जम्मा गैर चालु दायित्व	**-**	**३४८,०००**	**८८०,४९२**	**१,०३०,९३९**	**१,०३७,३३१**	**९४९,४१५**	**८९४,६९२**	**८३४,५८१**
चालु दायित्व								
वित्तीय दायित्व	-	-	-	-	-	-	-	-
व्यापारिक साहु	५,२९३	३८,९४२	५५,६९८	८७,९३७	७०,३६८	-	-	-
व्यवस्थाहरु	१५	१२६	२१८	५३	२२	-	-	-
अन्य चालु दायित्व	११०	५७९	१,१४५	३,६६९	२६	-	-	-
जम्मा चालु दायित्व	**५,४१८**	**३९,६४७**	**५७,०६०**	**९१,६६०**	**७०,४१७**	**-**	**-**	**-**
जम्मा दायित्व	**५,४१८**	**३८७,६४७**	**९३७,५५२**	**१,१२२,५९९**	**१,१०७,७४८**	**९४९,४१५**	**८९४,६९२**	**८३४,५८१**
जम्मा इक्विटी तथा दायित्वहरु	**१८४,१६८**	**६००,६४७**	**१,१७१,३९६**	**१,३३४,१६६**	**१,३४८,७८९**	**१,३०४,८८५**	**१,२९८,२८२**	**१,२९६,४५९**

नाफा-नोक्सान हिसाब

(रकम रु. हजारमा)

विवरण	वास्तविक			*२०७९ असार मसान्तसम्म	*२०७९ असोज मसान्तसम्म	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८			आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
बिक्री आम्दानी	-	८३,२७७	६११,७३४	६०८,३०८**	६३,४४९	१९५,८३०	२०१,५९७	२०७,३६४
बिक्री लागत	-	८३,२७७	६११,७३४	५१६,७७३	१,४४४	-	-	-
कुल मुनाफा	-	-	-	**९१,५३४**	**६२,००६**	**१९५,८३०**	**२०१,५९७**	**२०७,३६४**
अन्य आय	-	-	-	-	-	-	-	-
जम्मा आय	-	-	-	**९१,५३४**	**६२,००६**	**१९५,८३०**	**२०१,५९७**	**२०७,३६४**
ह्रासकट्टी	-	-	-	-	-	-	-	-
परिशोधन	-	-	-	३०,८६८	१०,९२८	४३,५७६	४३,५७६	४३,५७६
प्रशासनिक तथा अन्य संचालन खर्चहरु	-	-	(६५६)	१८,५९७	३,६९४	१९,७१६	२०,७४९	२१,८२८
संचालनबाट मुनाफा	-	-	**(६५६)**	**४२,०६९**	**४७,३८४**	**१३२,५३८**	**१३७,२७२**	**१४१,९६०**
वित्तीय आय	-	-	-	-	-	-	-	-
वित्तीय लागत	-	-	-	६३,५२०	१७,९११	९४,१३६	८९,१५०	८३,६७३
कर अघिको मुनाफा	-	-	**(६५६)**	**(२१,४५१)**	**२९,४७३**	**३८,४०२**	**४८,१२१**	**५८,२८७**
आयकर खर्च								
चालु वर्षको आयकर	-	-	-	-	-	-	-	-
स्थगन कर आम्दानी/(खर्च)	-	-	-	-	-	-	-	-
चालु वर्षको मुनाफा	-	-	**(६५६)**	**(२१,४५१)**	**२९,४७३**	**३८,४०२**	**४८,१२१**	**५८,२८७**
अन्य विस्तृत आय								
नाफा-नोक्सानमा वर्गीकरण नभएको अन्य विस्तृत आम्दानी								
रोजगार निश्चित सुविधा योजनाको पुनर्मूल्यांकन लाभ	-	-	-	-	-	-	-	-
शेयर लेनदेन लागत	-	-	-	(८२६)	-	-	-	-
कोष औजारबाट देखिएको अन्य विस्तृत आय	-	-	-	-	-	-	-	-
नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर	-	-	-	-	-	-	-	-
अन्य विस्तृत खुद नाफा/(नोक्सान) (कर पछिको)	-	-	-	**(८२६)**	-	-	-	-
जम्मा विस्तृत खुद आय (कर पछिको)	-	-	**(६५६)**	**(२२,२७७)**	**२९,४७३**	**३८,४०२**	**४८,१२१**	**५८,२८७**
रु.१००/- प्रति शेयर आम्दानी								
प्रति शेयर आम्दानी - आधारभूत	-	-	-	(१०।०३)	१३।२८	११।२९	१४।१५	१७।१४
प्रति शेयर आम्दानी - परिवर्तित	-	-	-	(१०।०३)	१३।२८	११।२९	१४।१५	१७।१४

*आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण हुन ।
**(रु. हजारमा) कुल बिक्री आम्दानी रु.६०८,३०८/- मध्ये IFRIC 12 अन्तर्गत आम्दानी रु.५०९,६८३/- र बिजुली बिक्रीबाट आम्दानी रु.९८,६२४/- रहेको ।

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
शेयर पूँजी (रु.हजारमा)	१६३,०००	१६३,०००	१६३,०००	२२२,०००	३४०,०००	३४०,०००	३४०,०००
जगेडा तथा कोषहरु (रु.हजारमा)	-	-	(६५६)	(२२,९३३)	१५,४६९	६३,५९१	१२१,८७८
जम्मा	**१६३,०००**	**१६३,०००**	**१६२,३४४**	**१९९,०६७**	**३५५,४६९**	**४०३,५९१**	**४६१,८७८**
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	१६३,०००	१६३,०००	१६२,३४४	१९९,०६७	३५५,४६९	४०३,५९१	४६१,८७८
शेयर संख्या ('००० मा)	१,६३०	१,६३०	१,६३०	२,२२०	३,४००	३,४००	३,४००
प्रति शेयर नेटवर्थ (रु.)	१००।००	१००।००	९९।६०	८९।६७	१०४।५५	११८।७०	१३५।८५
खुद नाफा/नोक्सान (रु. हजारमा)	-	-	(६५६)	(२२,२७७)	३८,४०२	४८,१२१	५८,२८७
प्रति शेयर आम्दानी (रु.)	-	-	(०।४०)	(१०।०३)	११।२९	१४।१५	१७।१४
नेटवर्थमा प्रतिफल (%)	०।००	०।००	(०।४०)	(११।१९)	१०।८०	११।९२	१२।६२
प्रति शेयर शेयर पूँजी (रु.)	१००।००	१००।००	१००।००	१००।००	१००।००	१००।००	१००।००

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी प्रधान एण्ड शाक्य एसोसियट्सबाट प्रमाणित गरिएको छ ।

***नोटः** आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ मा २०७८ कार्तिक १५ गते देखि व्यापारिक उत्पादन शुरु भएकोले २०७८ कार्तिक १४ गतेसम्म खुद नाफा/नोक्सान र प्रति शेयर आम्दानी देखाईएको छैन किन भने एशियन हाइड्रोपावर लिमिटेड एउटा विशेष प्रयोजनको साधन (Special Purpose Vehicle) हो जहाँ संचालन खर्चलाई व्यापारिक उत्पादन मितिसम्म पूँजीकृत गरिन्छ ।*

*विगत तीन आ.व. २०७५/७६ र २०७६/७७ मा प्रति शेयर आम्दानी नरहेको र २०७७/७८ मा नकारात्मक प्रति शेयर आम्दानी रहेको हुँदा निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशत आवश्यक नरहेको ।

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : (०.१३)

१४. सकारात्मक पक्षहरु :

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (आ.व.२०८८/२०८९ सालसम्म) पूर्ण रुपमा आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नुपर्ने ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** हाल आयोजनाको निर्माण कार्य सम्पन्न भई प्राविधिक परिक्षणबाट विद्युत बिक्रीको कार्य भैरहेकोले आयोजना सम्पन्न गर्नकालागि वित्तीय साधनको अभावको जोखिम नरहेको ।
(ख) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद गर्ने सम्झौता भइसकेको हुनाले बजारको जोखिम नरहेको ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** हाल यस आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले मूल्य अभिवृद्धि (Cost Over-run) को जोखिम नरहेको ।
(ङ) **विदेशी विनिमयको जोखिम :** हाल त्यस्तो जोखिम नरहेको ।
(च) **कानुनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले यस किसिमको जोखिम नरहेको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
  - अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
  - पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
  - नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
  - कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
  - देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
  - नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट हुनसक्ने सम्भावित जोखिमहरु ।
(झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनीका संचालकहरु नेपालका विभिन्न जलविद्युत आयोजनाको निर्माण तथा संचालन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी भएका तथा कर्मचारीहरु जलविद्युत निर्माण तथा संचालन कार्यमा अनुभवी रहेको हुँदा यस कम्पनीको सञ्चालन अनुभवको अभावबाट हुने जोखिम नरहेको ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
  - जलविद्युत आयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।
  - जलविद्युत बाहेक अन्य श्रोतबाट भविष्यमा कम लागतमा विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखिम रहेको ।
(ट) **अन्य :**
  - ● देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु
  - ● पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु
  - ● आयोजनामा प्राकृतिक प्रकोपका कारणले हुने क्षतिको जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वाविदितै हुँदा हुँदै पनि नेपालमा उर्जा शक्तिको अत्याधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुन नसकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ । तसर्थ उर्जाकालागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवथापनको धारणा रहेको छ । उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएतापनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । तथापि, आयोजनामा हुनसक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :

बीमाले बहन गर्ने जोखिम : यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरु तथा सम्पत्तिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

क्र.सं.	बीमालेखको प्रकार	बीमालेख शुरु मिति	बीमालेख समाप्ति मिति	बीमा गरिएको रकम (रु.)	प्रिमियम भुक्तानी गरिएको रकम (रु.)	बीमा कम्पनीको नाम
१	सामान्य सम्पत्ति	०१/११/२०२१	३१/१०/२०२२	१,२७२,५८८,०१५/-	२,६६०,३६७।८५	नेको इन्स्योरेन्स लिमिटेड
२	Bolero LX 4WD PS	१७/०२/२०२२	१६/०२/२०२३	३,१५०,०००/-	२८३,२५।७१	नेको इन्स्योरेन्स लिमिटेड

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदकालागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
र्वसाधारण शेयरधनीको हकमा : सर्वसाधारणहरुबाट सि-आस्बा मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागु हुने छैन ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**
सर्वसाधारण शेयरधनीको हकमा : स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणको लागि जारी गरिने ७,५६,००० कित्ता साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण:**
निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भैसकेको छैन ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनी आफै वा कम्पनीबाट नियुक्त शेयर रजिष्ट्रार मार्फत सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई बाँडफाँडमा परेका आवेदकहरुको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गरी शेयर खरिद बिक्रीको व्यवस्था मिलाईनेछ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।
२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरीद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ. खरीद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   छ. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।
३. आवेदकहरुले आवेदन दिंदा आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।
४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
५. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।
६. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
७. दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाइएमा सो दरखास्त फारामलाई रद्द गरिनेछ ।
८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नुपर्नेछ ।
९. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१०. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।
११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नम्बर र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नम्बर आवेदक स्वयंले यकिन गर्नु पर्नेछ ।
१२. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ललितपुर जिल्ला, सानेपा-०२ र यस निष्काशन कार्यकालागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।
२. सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदकालागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ता भन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम २० हजार कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन् ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई देहाय बमोजिम प्रयोग गरिनेछ :

क्र.सं.	निष्काशनबाट प्राप्त रकमको उपयोगको विवरण	रकम (रु.)
१.	आयोजना स्वपूँजी कमी पूर्ति गर्न संस्थापकबाट ऋणको रुपमा लगानी भएको रकम फिर्ता भुक्तानी गर्न	७,००,००,०००/-
२.	आयोजना स्वपूँजी कमी पूर्ति गर्न संस्थापकबाट अग्रिम शेयर पूँजी रुपमा लगानी भएको रकम फिर्ता भुक्तानी गर्न	१,२५,००,०००/-
३.	आयोजनाको कुल लागत बराबरको चाहिने स्वपूँजी (२५%) बराबर हुन आउने रू ३२,७८,८२,५००/- (बत्तिस करोड अठहत्तर लाख बयासी हजार पाँच सय मात्र) मा अपुग भएको बाँकी रकम स्वपूँजी कायम गरी आयोजना निर्माण सम्पन्न भए पश्चात रहेको साहुहरुलाई भुक्तानी गर्न	२,३३,८२,५००/-
४.	आउन सक्ने मर्मत सम्भार तथा पाटपुर्जाहरु (spareparts) खरिद गर्नका कार्यका लागि सञ्चिति गर्न	१,२१,१७,५००/-

आयोजनाको कुल लागत रू.१,३१,१५,३०,०००/- (एक अरब एकतिस करोड पन्ध्र लाख तीस हजार मात्र) बराबरको चाहिने स्वपूँजी (२५%) बराबर हुन आउने रू.३२,७८,८२,५००/- (बत्तिस करोड अठहत्तर लाख बयासी हजार पाँच सय मात्र) रहेको छ । सार्वजनिक निष्काशन पछि हुने इक्विटी रकम रू.३४,००,००,०००/- (चौतिस करोड मात्र) रहेको र आयोजनाको स्वपूँजी भन्दा बढी प्राप्त हुने रकम रू.१,२१,१७,५००/- (एक करोड एक्काइस लाख सत्र हजार पाँच सय मात्र) कम्पनीले नगद सञ्चितिको रुपमा राख्ने छ । सो रकम आउन सक्ने मर्मत सम्भार कार्य तथा पाटपुर्जाहरु (spare parts) खरिद गर्नका लागि सञ्चिति गर्ने छ ।

२०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु:
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं । वेबसाइट www.nmbcl.com.np
२.	एशियन हाइड्रोपावर लिमिटेड, सानेपा, ललितपुर । वेबसाइट www.asianhydro.com.np
३.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।

	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:
१.	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.	खाताको नाम
१.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	९९०००५४०१००१२३४	NMBCL-AHL-BTI -2079/80

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । साथै, गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयको फोन नं. ४४३७९६३ (एक्स. ११४) मा सम्पर्क गरी आफ्नो गुनासो प्रेषित गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३
इमेल: info@nmbcl.com.np वेबसाइट: www.nmbcl.com.np